राजधानी २०७९/१०/२३

# प्रभु इन्स्योरेन्स लिमिटेडको

## २७ औं वार्षिक साधारण सभा बस्ने सम्वन्धी सूचना

आदरणीय शेयरधनी महानुभावहरु,

प्रभु इन्स्योरेन्स लिमिटेडको संचालक समितिको ४१६ औं बैठकको निर्णय अनुसार यस कम्पनीको **२७ औं** वार्षिक साधारण सभा निम्न स्थान, मिति र समयमा देहायका विषयहरु उपर छलफल गर्न बस्ने भएको हुंदा सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि अनुरोध गरिएको छ ।

**सभा बस्ने स्थान, मिति र समयः**

स्थान : प्रभु इन्स्योरेन्स लिमिटेडको केन्द्रिय कार्यालय, **प्रभु कम्प्लेक्स,** तिनकुने, काठमाण्डौ ।

मिति : २०७९ फाल्गुण २३ गते मंगलबार (७ मार्च, २०२३)

समय : दिनको ११:०० बजे ।

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्ताव :**

१. कम्पनीको **२७ औं** वार्षिक साधारण सभामा संचालक समितिको तर्फबाट प्रस्तुत वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०७९ साल आषाढ मसान्तको वासलात तथा आ.ब.२०७८/०७९ को नाफा नोक्सान हिसाव एबं सोही अवधिको नगद प्रवाह विवरण, नाफा/नोक्सान बाँडफाँड हिसाब, ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसँग सम्बद्ध वित्तीय बिबरण सहितका अनुसुचीहरु पारीत गर्ने ।

३. सञ्चालक समितिबाट प्रस्ताव गरे बमोजिम प्रस्तावित बोनश शेयरमा लाग्ने कर प्रयोजनको लागि २०७९ आषाढ मसान्तमा कायम चुक्ता पूँजीको ०.३५ प्रतिशतले हुन आउने रकम रु.४५,४७,९३०।०० नगद लाभांश पारित गर्ने ।

४. आ.व. २०७९/०८० को लागि लेखापरीक्षकको नियुक्ति तथा पारीश्रमिक निर्धारण सम्वन्धमा (बहालवाला लेखापरीक्षक श्री निल बहादुर सारु मगर (एन.बि.एस.एम. एण्ड एसोसियट्स) पुनः नियुक्त हुन सक्नुहुनेछ ।

**(ख) विशेष प्रस्तावः**

१. सञ्चालक समितिबाट प्रस्ताव गरे बमोजिम कम्पनीको आ.व.२०७८/०७९ को मुनाफाबाट २०७९ आषाढ मसान्तमा कायम चुक्ता पूँजीको ६.७० प्रतिशत बोनश शेयर पारित गर्ने ।

२. बोनश शेयर जारी पश्चात कम्पनीको पूँजी बृद्धि हुने हुँदा सो को लागि कम्पनीको प्रवन्धपत्रको दफा ६ (क) तथा नियमावलीको नियम २.१ (क) संशोधन गरी सोहि हदसम्म जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि गर्ने ।

३. यस कम्पनीले भविष्यमा कुनै निर्जीवन वीमा कम्पनीहरुसँग एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा प्राप्ती (Acquisition) गर्ने सम्वन्धि निर्णय गर्न तथा तत् सम्वन्धि समझदारी पत्रमा हस्ताक्षर गर्न, चलअचल सम्पत्ति र दायित्व मुल्याङ्कन (Due Diligence Audit) गर्नको लागि मान्यता प्राप्त मुल्याङ्कनकर्ता नियुक्त गर्न, निजको पारिश्रमिक निर्धारण गर्न लगायतका मर्जर तथा प्राप्ती सम्वन्धी अन्य आवश्यक सम्पूर्ण प्रक्रिया पूरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने र यदि कुनै निर्जीवन बीमा कम्पनीसंग गाभ्ने/गाभिने (Merger) तथा प्राप्ती (Acquisition) गर्ने सम्वन्धी कार्य सफल हुन नसकेमा नियमनकारी निकायले निर्धारण गरेको चुक्ता पूँजी कायम गर्न सम्वन्धित निकायबाट स्वीकृती लिई आवश्यक मात्रामा हकप्रद शेयर निष्काशन गर्ने र सो सम्वन्धि सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

४. विशेष प्रस्तावका संशोधनहरुबाट कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा भएको संशोधन उपर नियमनकारी निकाय वा कार्यालयबाट कुनै बिषयमा थप संशोधन गर्न, भाषिक संशोधन वा फेरबदल गर्न कुनै निर्देशन वा सुझाव दिएमा सो मुताविक संशोधन गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी दिने ।

**(ग) विविध ।**

**साधारण सभा सम्वन्धी जानकारी :**

१. यस वार्षिक साधारण सभामा भाग लिने प्रयोजनका निमित्त कम्पनीको शेयर दाखिला खारेजका लागि मिति २०७९/११/१२ गते शेयर दर्ता किताव बन्द गरिनेछ । उक्त मिति भन्दा अधिल्लो दिनसम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोवार भई सिडिएस एण्ड क्लियरिङ लिमिटेडबाट राफसाफ भई कम्पनीको शेयर रजिष्ट्रार प्रभु क्यापिटल लिमिटेडको शेयर अभिलेखमा दर्ता कायम भएका शेयरधनीहरुले सभामा भाग लिन पाउने छन् ।

२. सभा हुने दिन सभामा उपस्थितका लागि हाजिर पुस्तिका दिनको १०:०० बजे देखि खुल्ला रहनेछ । हाजिर जनाउने व्यवस्था भएको हुँदा शेयरधनी महानुभावहरुले आफ्नो परिचय पत्र तथा हितग्राही खाताको विवरण (Demat Statement) अनिवार्य रुपमा प्रस्तुत गर्नुहुन अनुरोध छ ।

३. छलफलका विषय सूची मध्ये विविध शीर्षक अन्तर्गत छलफल गर्न ईच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै छलफलको विषय कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रुपमा जानकारी दिनु पर्नेछ ।

४. शेयरधनीहरुबाट उठेको प्रश्न, जिज्ञासा वा मन्तव्यहरुको सम्वन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्ष वा अध्यक्षबाट अनुमति प्राप्त व्यक्तिले जवाफ दिनेछन् ।

५. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रतिनिधि-पत्र (प्रोक्सी फराम) भरी प्रतिनिधि नियुक्त गरी कम्पनीको केन्द्रिय कार्यालय, तीनकुने, काठमाण्डौमा सभा शुरु हुनु भन्दा कम्तिमा ७२ घण्टा अगाडि दर्ता गरिसक्नु पर्नेछ ।

६. प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा यस कम्पनीको शेयरधनी बाहेक अन्य व्यक्तिलाई प्रतिनिधि नियुक्त गर्न पाईने छैन ।

७. "मैले यस अघि दिएको सबै प्रतिनिधि-पत्र (प्रोक्सी) बदर गरी यो प्रतिनिधि (प्रोक्सी) लाई मान्यता दिईयोस्" भनी छुट्टै पत्र लेखी पठाएको अवस्थामा अन्य सबै प्रतिनिधिहरू (प्रोक्सी) बदर भई सोही पत्रसाथ प्राप्त प्रतिनिधि-पत्र (प्रोक्सी) लाईमात्र मान्य हुनेछ । एकै शेयरधनीले एक भन्दा बढी व्यक्तिलाई कुनै किसिमबाट बिभाजन गरी वा नगरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेको सक्कल दस्तखत भएमा त्यस्तो सबै प्रतिनिधि (प्रोक्सी) बदर हुनेछ ।

८. सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्वन्धित शेयरधनी स्वयं सभामा उपस्थित हुन आएमा शेयरधनीले गरी दिएको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ ।

९. कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ ।

१०. साधारणसभा सम्वन्धी थप जानकारीको लागि कम्पनीको केन्द्रीय कार्यालय, तीनकुने, काठमाण्डौमा सम्पर्क राख्नु हुन अनुरोध छ । साथै कम्पनीको बार्षिक विवरण कम्पनीको वेबसाइट www.prabhuinsurance.com मा समेत हेर्न र डाउनलोड गर्न सकिनेछ ।

**सचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

PRABHU INSURANCE®

protecting your future.

# प्रभु इन्स्योरेन्स लिमिटेड

तीनकुने, काठमाण्डौ, नेपाल, पोष्ट बक्स नं. १०८११
फोन नं. ०१-५१९९२२०/२६, फ्याक्स नं. ०१-५१९९२४७
Email: info@prabhuinsurance.com